## पाठ - 7
## नरक र त्यसको यातना

## الدرس السابع - نيبالي
## النار و عذابها

अल्लाह तआलाले भन्नु भयो: فَاتَّقُوا النَّارَ الَّتِي وَقُودُهَا النَّاسُ وَالحِجَارَةُ أُعِدَّتْ لِلْكَافِرِينَ

त्यस आगो सँग डरने गर जसको इन्धन मानिस र ढुँगा हुन् , जुन् कफिरहरुका लागि तयार गरिएको छ रसूल ﷺ ले आफ्नो साथीहरुलाई भन्नु भयो तिमीहरुको यो आगो जसले आदमको सन्तानले जलाई रहेछ त्यो नर्कको आगोमा भएको गर्मीको सत्तर ७० भाग मध्ये मात्र एक भाग हो»साथीहरुले भन्नु भयो, हे अल्लाहको रसूल ! हुन त यही आगो प्रयाप्त थियो, त उहाँले भन्नु भयो «त्यो ६९ भाग अधिक तातो छ , र सबै भागको गर्मी एक जस्तै छ» (बुखारी - ३२६५, )

नर्कमा सात दर्जा छन् , हरेक दर्जामा अर्को भन्दा अधिक सजाय हुन्छ, आफ्नो कर्म अनुसार हरेक दर्जामा खास व्यक्तिहरु जानेछन् , मोनाफिकहरु नर्कको सबभन्दा तलको दर्जामा जानेछन् जहाँ सबभन्दा अधिक सजाय हुन्छ, नर्कमा गएको व्यक्तिहरु मध्ये नासतिकलाई संधै यातना हुनेछ , जहिले पनि उनीहरुको छाला जली हाल्छ भने फेरि अर्को छाला लगाइन्छ , अल्लाह तआलाले भन्नु भयो: كُلَّمَا نَضِجَتْ جُلُودُهُمْ بَدَّلْنَاهُمْ جُلُودًا غَيْرَهَا لِيَذُوقُوا العَذَابَ

जब जब तिनका छालाहरु पोलिसकने छन् हामीले अर्को छाला फेरने छौं, ताकि उनीहरु सजायको स्वाद चाखिराखुन् । र अर्को आयतमा भन्नु भयो:

وَالَّذِينَ كَفَرُوا لَهُمْ نَارُ جَهَنَّمَ لَا يُقْضَى عَلَيْهِمْ فَيَمُوتُوا وَلَا يُخَفَّفُ عَنْهُمْ مِنْ عَذَابِهَا كَذَلِكَ نَجْزِي كُلَّ كَفُورٍ ﴾

जुन् मानिसहरुले कुफ्र गरे, उनीहरुका लागि नर्कको आगो छ, नत उनीहरुलाई मृत्यु आउने छ कि मरिहालुन्, र न उनको सजाय नै उनीहरुबाट हलका गरिनेछ, हामीले हरेक काफिरलाई यस्तै सजाय दिने गर्दछौं ।
उनीहरु हतकडिमा जकडिएका हुन्छन् र घाँटीमा जन्जीर लगाइएको हुन्छ, अल्लाह तआलाले भन्नु भयो:

وَتَرَى الْمُجْرِمِينَ يَوْمَئِذٍ مُقَرَّنِينَ فِي الأَصْفَادِ * سَرَابِيلُهُمْ مِنْ قَطِرَانٍ وَتَغْشَى وُجُوهَهُمُ النَّارُ *

तपाइ त्यस दिन पापीहरुलाई देख्नु हुनेछ कि जन्जीरमा कोचिएर एकै ठाउँमा जकडिएको हुनेछन्, उनका वस्त्रहरु गन्धकका हुनेछन्, र आगोले उनीहरको अनुहारलाई पनि छोपेको हुनेछ नर्कमा जक्कुम अर्थात सिउँडीको भोजन पाइन्छ , अल्लाह तआलाले भन्नु भयो:

إِنَّ شَجَرَةَ الزَّقُّومِ * طَعَامُ الأَثِيمِ * كَالْمُهْلِ يَغْلِي فِي البُطُونِ * كَغَلْيِ الحَمِيمِ * خُذُوهُ فَاعْتِلُوهُ إِلَى سَوَاءِ الجَحِيمِ * ثُمَّ صُبُّوا فَوْقَ رَأْسِهِ مِنْ عَذَابِ الحَمِيمِ *

निसन्देह जक्कुमको (सिउँडी) वृक्ष गुनेहगारहरुको भोजन हुने छ , पग्लेका तमा जस्तो हुन्छ जो पेटहरुमा त्यस्तै उमलनेछ जस्तो कि पानी उम्लिन्छ ।
नर्कको कठिन सजाय र स्वर्गको महान उपहार यस हदीसद्वारा स्पष्ट हुन्छ जुन् सही मुस्लिममा छ, नबी ﷺ ले भन्नु भयो «कयामतमा एउटा यस्तो नर्कमा जाने व्यक्तिलाई ल्याइन्छ जुन् संसारमा सबभन्दा अधिक हैसियतवाला र खुशहाल थियो, र मात्र एक चोटि आगोमा डुबाएर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले खुशी पाएको? कहिले तिमीले आराम पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, र त्यस्तै एउटा यस्तो स्वर्गमा जाने व्यक्तिलाई ल्याइन्छ जुन् संसारमा सबभन्दा अधिक गरिब थियो, र मात्र एक चोटि स्वर्गमा हालेर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले गरिबी हेरेको? के तिमीले कहिले दुख: पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, म कहिले गरिबी हेरेको होइन, म कहिले दु:ख पाएको होइन» तसर्थ नासतिकहरु मात्र एक पटक आगोमा गएर संसारमा पाएको हरेक खुशीलाई बिर्सी हाल्छ , र मोमिनहरु मात्र एक पटक स्वर्गमा गएर संसारमा भोगेको सबै प्रकारको कष्ट र कठिनाइलाई बिर्सी हाल्छ ।